## सदस्यता

**एनसिई-नेपाल**

- जि.सि.इ. (GCE)
- ए.एस.पी बि.ए.इ (ASPBAE)
- आई.एन. इ.इ (INEE)
- सि.सि. एन.जि.ओ (CCNGO)

## हाम्रा प्राथमिकताहरू

- अधिकारमा आधारित राष्ट्रिय शिक्षा नीति तथा कानुन ।
- सार्वजनिक शिक्षामा लागानी अभिवृद्धिका लागि प्रगतिशील कर प्रणालीको व्यवस्था ।
- संघीय संरचनामा शिक्षाको विमर्श ।
- शिक्षामा शुसासन र उत्तरदायित्व प्रवर्द्धन ।
- निरन्तर अनुगमन नियमन र दवाव ।



## महत्वपूर्ण उपलब्धीहरू

- तथ्यमा आधारित शैक्षिक बहसको वकालत र अभियान सञ्चालन गरेर राष्ट्रिय एवम् अन्तराष्ट्रिय स्तरमा नेपालको नेतृत्वदायी शैक्षिक सञ्जालको रुपमा परिचित ।
- शैक्षिक क्षेत्रमा अहिलेसम्मकै महत्वपूर्ण एवम् नेतृत्वदायी साझेदार संस्थाको रुपमा विकसित ।
- राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा पर्याप्त अवसर प्राप्त गर्न सफल ।
- सरकारसंग भएका नीति प्रतिवेदन तथा तथ्याङ्गलाई पूर्णता दिन सहयोग ।
- शिक्षा सम्वद्ध मामिला अध्ययन एवम् तथ्याङ्क संकलनकालागि स्रोत केन्द्रको स्थापना ।
- राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा आवाज विहिनहरुको आवाजको प्रतिनिधित्व गर्न सफल
- सरकारका लागि आवश्यक पूरक तथ्याङ्क निर्माणका लागि सहयोग ।
- नेपालका करिब ३५ जिल्लामा शाखाहरु विस्तार गर्न सफल । जिल्ला एवम् समुदाय स्तरमा सदस्यहरु विस्तार ।
- शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालय र नागरिक संस्थाहरुवीच सिमान्तकृत समुदायमा चाल्नुपर्ने शैक्षिक कदमका बिषयमा शिक्षा बिभाग, जिल्ला शिक्षा कार्यालय र नागरिक संस्थावीचको सहकार्य सुदृढ बनेको छ ।

## हाम्रो सदस्यता र सञ्जाल

एनसिई-नेपाल हालसम्म २८६ सदस्यहरु सहित प्रत्यक्ष रुपमा ३५ जिल्लामा उपस्थित रहेका छौं । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरु, शिक्षक समुदाय, शिक्षामा क्रियाशील संचार जगत विद्यालय शिक्षाका अन्य सरोकारवालाहरु, शिक्षाविद् सहितको विविधतायुक्त आवद्धता नै हाम्रो पूँजी हो । नेपाल सरकार तथा दातृ निकायले नागरिक समुदायको आधिकारिक आवाजको रुपमा एनसिई-नेपाललाइ स्वीकार गर्नु हाम्रो अर्को पूँजी बनेको छ ।




## थप जानकारीका लागि

NCE NEPAL

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल
बखुण्डोल, ललितपुर, नेपाल
फोन नं : ०१५५२६६७१, ०१६२०३००९
पो.ब.नं : १४४२१
इमेल :info@ncenepal.org.np
वेभसाइट : www.ncenepal.org.np



............शिक्षा अधिकार प्राप्तिका लागि नागरिक अभियान ।

NCE NEPAL

# शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल)




## एनसिई : एक संक्षिप्त परिचय

सबैका लागि शिक्षा अधिकार सुनिश्चितताको पक्षमा सन् २००३ बाट राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा विश्वव्यापी कार्यसप्ताह (Global Action Week) को प्रारम्भ भएदेखि नेपालमा पनि केहि संघ संस्था एवम् अधिकारकर्मीहरुको प्रयासमा शिक्षाका लागि अन्तर्राष्ट्रिय अभियान नेपालको (Global Campaign for Education GCE-Nepal) थालनी भएको हो । यसले आफ्नो स्थापनाकाल देखिनै नेपालको शिक्षा प्रणालीमा सुधारका निमित्त वकालत गर्दै आएको छ । शिक्षा क्षेत्रमा क्रियाशील खुला सञ्जालका रुपमा २००९ सम्म विद्यालय भर्ना अभियान, शिक्षामा बजेट बृद्धि लगायतका सबैका लागि शिक्षाको विश्व अभियान संग सम्बन्धित गतिविधि गर्दै आएको यो अभियानलेसन् २०१० अप्रिल ५ मा एनसिई-नेपालको रुपमा आधिकारिक स्वरुप ग्रहण गरेको हो ।

एनसिई-नेपाल गुणस्तरीय शिक्षाको सुनिश्चिताका लागि आवाज विहिन हरुको आवाज बुलन्द पार्ने एक नागरिक आन्दोलन हो । समतामूलक समाज निर्माणको आधारको रुपमा ‘शिक्षाको अधिकार’ लाई स्थापित गर्न नीतिगत पैरवी र कार्यान्वयनमा निरन्तर खवरदारी एवम् साझेदारी गर्दै शिक्षाको नागरिक सञ्जालको रुपमा यो संस्था निरन्तर अगाडि बढिरहेको छ । जिसिईको सदस्य भएकाले स्थानीय, क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्दै जनस्तर

का मुद्दाहरुलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मञ्चहरुसम्म पुऱ्याउनु यसको दायित्व हो । राष्ट्रिय, अन्तर्राष्ट्रिय गैह्रसरकारी संघसंस्थाहरु,  शिक्षक महासंघ, शिक्षामा क्रियाशील संञ्चार माध्यमहरु, तथा अन्य समुदाय स्तरमा परिचालित संघसस्थाहरु सहित अहिले एनसिईका २८६ सदस्यहरु छन् । एनसिई-नेपाल आफ्ना सदस्यहरुबीच विभिन्न अनुभव आदान प्रदान गर्दै उनीहरुका साझा मुद्दा र अभियानमा हातेमालो गर्ने एउटा बिशिष्ट मञ्चका रुपमा विकसित भईरहेको छ ।

बिशेषत सामुदायिक शिक्षाको विकास र सम्वर्द्धनको लागि राज्य मार्फत विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मञ्चहरुमा यथेष्ट प्रतिवद्धता आएको देखिन्छ । तर त्यसको कार्यान्वयन पक्ष भने निकै फितलो छ । एनसिई राज्यका जिम्मेवार निकायबाट भएका यस्ता प्रतिवद्धताको अक्षरसः कार्यान्वयनका लागि निरन्तर खवरदारी गर्दै गुणस्तरीय, समावेशी, समतामूलक एवम् जीवनोपयोगी शिक्षाका पक्षमा क्रियाशील छ ।

एनसिई-नेपालकालागि गुणस्तरीय शिक्षाका निमित्त नीति निर्माण, नीतिहरुमा समय सापेक्ष सुधार एवम् कार्यान्वयनमा दृढता स्थापित गर्नु नै गन्तव्य हो । १५० भन्दा वढि देशमा गुणस्तरीय, समावेशी र समतामूलक शिक्षका लागि अग्रसर संस्था 'शिक्षाका लागि विश्व अभियान' संगको आवद्धता र नेपालका शिक्षा अधिकारकर्मीहरुको साझा प्रयत्नमा एनसिई नेपाल अगाडि बढिरहेको छ ।



## दूर दृष्टि, लक्ष्य, उद्देश्यहरु र गन्तव्य



### दूर दृष्टि (Vision)

शिक्षाका माध्यमबाट प्रत्येक नागरिकको सशक्तीकरण गर्दै समातामूलक, समावेशी र शान्तिपूर्ण समाजमा आफ्नो सर्वोपरी हितका निमित्त क्रियाशील रहनेछन् ।

### परिकल्पना (Mission)

शिक्षा क्षेत्रको नीतिगत विकास र कार्यान्वयनको अवस्थालाई सुदृढ गर्न दवाव समूहको रुपमा कार्य गर्दै तथा नियमन गर्दै सीमान्तकृत, विपन्न र अवसरबाट वञ्चित बालबालिका, युवा एवम् प्रौढ समुदायको सशक्तीकरणका लागि अध्ययन अनुसन्धान, नीतिगत पैरवी, सरोकारवालाको क्षमता र ऐकवद्धता अभिबृद्धि, सञ्जालीकरण, सूचना प्रवाह र स्रोत परिचालन लगायतका कार्यमा सहजीकरण गर्ने ।

### गन्तव्य (Goal)

प्रत्येक बालबालिका, युवा र प्रौढको निशुल्क, अनिवार्य समावेशी समातामूलक गुणस्तरीय शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई सुनिश्चित गराउने ।

### उद्देश्यहरू (Objectives)

एनसिई-नेपालले निर्दिष्ट गरेका लक्ष्यहरुको प्राप्तिको लागि निम्नानुसारका उद्देश्यहरू राखिएको छ ।

- शिक्षा  नीतिको एकीकृत र ब्यवस्थित विकासका लागि पैरवी गर्ने ।
- सबैका लागि गुणस्तरीय, समावेशी समातामूलक र जीवनउपयोगी शिक्षाका पक्षमा बहस पैरव गर्ने ।
- समसामयीक शैक्षिक मुद्दाहरुमा अध्ययन, अनुसन्धान गर्ने र सिफारिसहरुको कार्यान्वयनका लागि कार्यक्रमहरु निर्माण प्रचार र पैरवी गर्ने ।
- शैक्षिक मुद्दाहरुको प्रचार प्रसार र प्रवर्द्धनका लागि अर्न्तक्रिया, कार्यशाला, परामर्श गोष्ठी सञ्जालीकरण,सहकार्य तथा संवादहरु गर्ने ।
- एनसिई-नेपाललाई शैक्षिक स्रोत केन्द्रको रुपमा विकास गर्न क्षमता अभिवृद्धि तालिम, नीतिगत पैरवी, प्राविधिक सहयोग र अभियान विस्तारसम्बन्धी कार्य सम्पादन गर्ने ।
- एनसिई-नेपाललाई  राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा एक सशक्त सञ्जालका रुपमा सुदृढ गर्ने ।



## संगठनात्मक संरचना

विधान अनुसार गठित साधारणसभा एनसिई-नेपालको सर्वोच्च निकाय हो । साधारण सभाबाट प्रत्येक दुई वर्षमा निर्वाचित हुने १७ सदस्यीय कार्यसमिति यसको कार्यकारी संरचनाको रुपमा रहेको  छ ।

१७ सदस्यीय समिति भित्र ७ सदस्यीय सचिवालय कार्यसमिति रआवश्यकता अनुरुप विषयत समितिहरुरहने गर्दछन । सञ्जालको कार्यालय तथा कार्यक्रम ब्यवस्थापन तथा दैनिक कार्यसञ्जालनका निमित्तकर्मचारीहरु रहेको सचिवालय समेत रहेको छ । कार्यसमितिका सदस्यहरुले स्वयंसेवी रुपमा कार्य गर्दछन् ।






## हाम्रो कार्य प्रकृति

- अध्ययन, अनुसन्धान वकालत र प्रमाणमा आधारित पैरवी अभियान ।
- संयोजन र सञ्जालीकरण ।
- स्रोत परिचालन सहकार्य ।
- संस्थागत विकास ।
- प्रचार, प्रसार र प्रकाशन ।

## हाम्रा कार्य रणनीतिहरू

- हामी शिक्षालाई राजनीतिक मुद्धाको रुपमा बुझ्दछौँ र यसको सर्वाङ्गीण विकास एवम् विस्तारका लागि आफ्नो स्पष्ट अवधारणा सहित राजनीतिक दलहरुसंगको संवादलाई गहिरो बनाउँछौ ।
- हामी शैक्षिक मुद्धाहरुमा युवाको सहभागिता र नेतृत्वलाई प्रोत्साहित गर्दछौ ।
- हामी योजना निर्माण, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनलाई समुदायमा आधारित र बस्तुपरक बनाउछौ ।
- शिक्षालाई जनताको जिविका विकासको बहससंग जोडेर हेर्दछौ ।
- हामी विभेद र वहिष्करणका कारणहरुको जरो खोज्न उद्धत हुन्छौ ।
- हामी समुदाय र जनस्तरबाट उठ्ने उत्तरदायित्वका सवालहरुलाई साथ दिन्छौ ।
- गुणस्तरीय शिक्षाका पक्षमा भएका असल अभ्यासहरुलाई विश्वसनीय विकल्पका रुपमा स्थापित गर्न संयोजन गर्छौ ।
- हाम्रा रणनीतिहरुको समय सापेक्ष समीक्षा र समालोचना गर्छौ ।
- रुपान्तरित शिक्षा प्रणालीको पक्षमा दृढतापूर्वक कार्य गर्दछौ ।
- हाम्रा रणनीति र कार्यक्रमहरु माथि समालोचनात्मक समीक्षालाई स्वागत गर्दछौ ।
- हामी शिक्षाका स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिवद्धता एवम् प्रयत्नवीचको अर्न्तसम्बन्धलाई जोड्न प्रोत्साहन गर्दछौ ।
- हामी शिक्षा क्षेत्रमा क्रियाशील सबै सरोकारवालाहरु वीचको सहकार्य र संयोजनलाई प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिन्छौ ।

